# किमाथांका अरुण जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति: २०७७/०६/३०)

प्रदेश नं. १ को संखुवासभा जिल्ला, भोटखोला गाउँपालिकामा विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| |
|---|
| **प्रस्तावकको नाम र ठेगाना:**<br>**विद्युत उत्पादन कम्पनी लिमिटेड**<br>पो.ब.नं. १९७५२, बि.पि.सि (BPC Building) भवन,<br>रुद्रमति मार्ग, बुद्धनगर, काठमाण्डौ-१०, नेपाल<br>फोनः ०१-४७८८६८० ईमेलः info@vucl.org |
| **प्रस्तावको व्यहोरा:**<br>प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना करिब ४५० मेगावाट कुल जडित क्षमता भएको आयोजना हो । यसका लागि प्रदेश नं. १ को संखुवासभा जिल्ला, भोटखोला गाउँपालिका वडा न. २ भएर बग्ने अरुण नदीमा करिब ७० मिटर अग्लो बाँध बनाईनेछ । सो बाँधका कारण अरुण नदीमा करिब ०.३३८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको १०३.० लाख घन मिटर क्षमताको जलाशय बन्नेछ । पानिको डिजाइन बहाव करिब १४३ घन मिटर प्रति सेकेण्ड र करिब ३८० मिटरको कुल हेड प्रयोग गरी बार्षिक करिब २,४९८.९ गिगावाट घण्टा बराबरको उर्जा उत्पादन गर्ने गरि आयोजनाको डिजाईन गरिएको छ । बाँधबाट करिब ६,७१५ मिटर तल्लो तर्फ जमिन मुनि बनाईने विद्युत गृहमा भूमिगत पेनस्टक पाईप मार्फत पानीलाई ६ वटा टर्वाईनमा खसालि विद्युत उत्पादन गरिनेछ । विद्युत उत्पादन पश्चात करिब ७०० मिटर लामो Tailrace Tunnel बाट पानीलाई पुनः अरुण नदीमा नै छोडिनेछ । आयोजनाका संरचनास्थलहरु सम्म पुग्नका लागि करिब २२ किलोमिटर लामो पहुँच मार्ग तथा उत्पादित विद्युत प्रसारणका लागि विद्युत गृहबाट प्रस्तावित हाइटार सबस्टेशन सम्म करिब १८.५ किलोमिटर लामो प्रसारण लाईन समेत निर्माण गरिनेछ । आयोजनाका अधिकांश संरचनाहरु मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा बन्नेछन । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा.:**<br>**प्रदेश र जिल्लाः** प्रदेश नं. १ को संखुवासभा जिल्ला<br>**गाउँपालिका/नगरपालिकाः** भोटखोला गाउँपालिका<br>**वडा नं.:** आयोजनाका संरचनाहरु वडा नं २ मा रहने तर केही प्रभावहरु अन्य वडाहरुमा समेत पर्नसक्ने |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **विद्युत उत्पादन कम्पनी लिमिटेड**<br>पो.ब.नं. १९७५२, बि.पि.सि. भवन (BPC Building),<br>रुद्रमति मार्ग, बुद्धनगर, काठमाण्डौ-१०, नेपाल<br>फोनः ०१-४७८८६८० ईमेलः info@vucl.org |
| **परामर्शदाताको नाम र ठेगाना** | **एनइए ईन्जिनियरिङ्ग कम्पनी लिमिटेड**<br>ट्रेड टावर भवन, थापाथली, काठमाण्डौ, नेपाल<br>फोनः ०१-५१११०२४ ईमेलः info@neaec.com.np |